सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

आदेश

०८०-WO-०५२९

विषयः- परमादेशसमेत।

जिल्ला सर्लाही, वलरा नगरपालिका वडा नं. ८ स्थायी घर भई ललितपुर नगरपालिका वडा नं. २५ बस्ने प्रतिनिधिसभाका सदस्य अमरेशकुमार सिंह........१ — निवेदक

विरूद्ध

एनसेल आजियाटा लिमिटेड, कर्पोरेट कार्यालय काठमाडौ महानगरपालिका वडा नं. २६ लैनचौर..१

नेपाल दूर सञ्चार प्राधिकरण, जमल काठमाडौं..१

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल.............................१

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं..........................१ — प्रत्यर्थी

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं....................१

आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर.........१

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४ एकान्तकुनामा रजिष्टर्ड कार्यालय रहेको रेनोल्ड्स होल्डिङ्स लिमिटेड..१

स्पेक्ट्रलाईट वेलायती कम्पनी स्वामित्व रहेको शतिस लाल आचार्य.................१

सुनीभेरा क्यापिटल भेन्चरस् काठमाडौं महानगरपालिका वडा नं.-१३ काठमाडौं..१

ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर..१

नेपाल राष्ट बैङ्क, बालुवाटार, काठमाडौं..१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रीट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

<u>निवेदनको तथ्यगत व्यहोरा</u>

१. नेपालको एनसेल दूर सञ्चार प्रदायक कम्पनीमा ८०% शेयर लिएको कम्पनीले सन् २०२३ नोभेम्वर ३० मा बेलायतमा दर्ता रहेको स्पेक्ट्रलाइट यू.के. लिमिटेडलाई सो रकम निकै कम मूल्यमा बेचेको र शेयर खरीद बिक्री नेपालमा लाभ कर (क्यापिटल गेन्स ट्याक्स) छल्ने उद्देश्यले कार्य गरिएको छ। वेलयातमा रहेको आजियाटा इन्भेस्टमेन्टस (यु.के.) लिमिटेड मलेशियामा रहेको आजियाटा ग्रुपको सहायक कम्पनी हो। सेन्ट किट्स र नेभिसमा दर्ता रहेको रेनल्ड्स होल्डिङ कम्पनी आजियाटा इन्भेस्टमेन्टस (यु.के.) लिमिटेड अन्तर्गतको कम्पनी हो। रेनल्ड्स होल्डिङ कम्पनी जसको ८० प्रतिशत शेयर एनसेल कम्पनीमा रहेको छ। सो कम्पनीले आफ्नो सबै ८० प्रतिशत शेयर वेलायतमा सतिशलाल आचार्यको नाममा दर्ता रहेको स्पेक्ट्रलाईट यु.के. लिमिटेडलाई ५० मिलियन अमेरिकी डलरमा बिक्री गरेको घोषणा गरेको छ। बिक्री मूल्य ५ करोड डलरमध्ये ५० लाख डलर सम्झौताको ६ महिनाभित्र र बाँकी ४ वर्षको म्यादमा तिर्ने सम्झौतामा छ। आजियटाले एनसेल अहिले बिक्री गरे पनि लाभांश भने सन् २०२९ सम्म पाउने सम्झौता भएको छ। यसरी सन् २०१६ मा एक खर्ब त्रिचालिस अर्ब रूपियाँ आजियाटा ग्रुपले एनसेलमा ८० प्रतिशत शेयर लिई टेलिया सोनेरा कम्पनीबाट शेयर किन्ने कम्पनीले अहिले आएर ६ अर्ब ६५ करोडमा मात्रै बिक्री गर्नु स्वाभाविक मान्न सकिदैन। एनसेल कम्पनीको वार्षिक आम्दानी ४० अर्ब छ भने उसको ८० प्रतिशत शेयर ६ अर्बमा कसरी बिक्री हुनसक्छ? एनसेलको सम्पतिको मूल्य ६ अर्ब मात्रै हो भने त्यस कम्पनीले झण्डै ४० अर्ब बराबरको ऋण नेपालका तीन ठूला बैंकहरू स्टाण्डर्ड चार्टड बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक तथा ग्लोबल आईएमई बैंकहरूबाट कसरी पाएको हो। एनसेलमा २० प्रतिशत शेयर लिने सुनिभेरा क्यापिटल भेन्चरका मालिक भावना सिंह श्रेष्ठले सन्

२०१७ देखि अहिलेसम्ममा २० प्रतिशत लाभांशबापत १५० मिलियन डलरप्राप्त गरेका छन्। एनसेलको सम्पत्ति ६ अर्बको हाराहारीमा मात्रै हो भने यति ठूलो रकम भावना सिंह श्रेष्ठले लाभांश लान सम्भव हुँदैन। एनसेल विषयमा भएको उक्त कारोवार र कर छलीको बारेमा प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले छानवीन गरी मिति २०८०।८।१८ मा नौं बुँदे पत्रसमेत नियामक निकाय तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पठाएको छ।

२. दूरसञ्चार नियमावली, २०५४ को नियम १५(ट) बमोजिम चुक्ता पूँजीको पाँच प्रतिशत शेयर खरीद बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति र नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४(क) बमोजिम शेयर धनीको शेयर खरीद बिक्री वा नामसारी गर्नुपूर्व नेपाल दूरसञ्चार प्राधिकरणको अनुमति वा स्वीकृति लिनुपर्ने हुन्छ। सो अनुसार अनुमित विपक्षी कम्पनीले लिएको छैन। सतिशलाल आचार्यको कम्पनीले ८० प्रतिशत शेयर र उनकी श्रीमती भावना सिंहको नाममा रहेको सुनिभेरा क्यापिटल भेन्चर्सको नाममा रहेको २० प्रतिशत शेयर गरी १०० प्रतिशत एनसेलको शेयर आफ्नो नियन्त्रणमा लिएर पाँच वर्षपछि नेपाल सरकारको मातहतमा आउन सक्ने एनसेल कम्पनीको स्वामित्व परिवर्तनलाई रोक्नको लागि यो शेयर खरीद बिक्री गरेको देखिन्छ। दूर सञ्चार ऐन, २०५३ को दफा २५ मा दूर सञ्चार कम्पनीको अनुमतिपत्रको अवधि बढीमा २५ वर्षको हुनेछ भनिएको छ। एनसेलले २०६१ भदौ १६ मा अनुमति पाएको र मिति २०८६ भदौ १६ गते २५ वर्ष पुग्ने अवस्था छ। दूर सञ्चार ऐन, २०५३ को दफा ३३ मा जम्मा पूँजी लगानीको ५० प्रतिशत भन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूर सञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनामा अनुमतिपत्रको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुनेछ भन्ने उल्लेख छ। नेपालको कानूनको पालना नगरी कर छल्ने उद्देश्यले कम मूल्यमा विदेशमा आजियाटा यु.के. र स्पेक्ट्रलाइट यु.के. लिमिटेडबीच एनसेलको ८० प्रतिशत शेयर खरीद बिक्री गर्न भएको सम्झौतालाई मान्यता नदिनको लागि विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी गरी नेपालको

नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा गरिएको उक्त शेयर कारोबारको वैधानिकता उत्प्रेषणको आदेशले बदर गरी पाऊँ। साथै विपक्षी एनसेल कम्पनीले शेयर खरीद बिक्री प्रक्रियालाई वैधानिकता दिलाउने अवस्था हुँदा प्रस्तुन रीट अन्तिम किनारा नलागेसम्म एनसेलको शेयर खरीद बिक्री प्रक्रियालाई नेपालमा यथास्थितिमा राख्न सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशसमेत जारी गरी पाऊँ। साथै उक्त शेयर खरीद बिक्री सम्बन्धमा नेपाल सरकारद्वारा टंकमणि शर्माको सयोजकत्वमा मिति २०८०।८।२१ मा गठित समितिलाई स्वतन्त्र र पारदर्शी तरिकाले छानविन गर्न मार्गदर्शन जारी गरी पाऊँ। नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम प्रस्तुत रीट निवेदन सार्वजनिक सरोकारको रीट निवेदनको रुपमा दायर गरिएको भन्ने समेत व्यहोराको रीट निवेदनपत्र।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनुनपर्ने हो? आदेश जारी हुनुनपर्ने आधार र कारण भए सोसमेत उल्लेख गरी म्याद सूचनाप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.३, ४, ५ र ६ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं.१ र २ ले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जबाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सन्दर्भमा विचार गर्दा, दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त भएको देखिंदा सो प्रयोजनार्थ मिति २०८०।०९।१६ को पेसी तोकी पेस गर्नु। साथै, प्रस्तुत रीट निवेदनसँग सम्बन्धित सम्बद्ध निर्णय तथा पत्रहरू विपक्षी एनसेल एक्जियाटा लिमिटेड र नेपाल दूरसञ्चार प्राधिकरण, जमलको हकमा आफैं वा आफ्नो कानून व्यवसायी मार्फत् र अन्य विपक्षीहरूको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धी छलफलको सुनुवाईको क्रममा इजलाससमक्ष अवलोकनार्थ पेस गर्नुहोला भनी यस अदालतबाट मिति २०८०।९।३ मा भएको आदेश।

४. ठूला करदाता कार्यालयबाट आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्त शुल्क ऐन, २०५८ तथा प्रत्येक वर्षका आर्थिक ऐनले निर्दिष्ट गरेका व्यवस्थाहरूको कार्यान्वयन गरी कर प्रशासन हुने गरेको छ। कानूनका आधारमा करदाताको कर परीक्षण, छानवीन र अनुसन्धान गर्ने लगायतको कार्यहरू सम्पादन गर्ने हो। मूलतः आजियटा लिमिटेड र स्पेक्ट्रलाइट यूके लि.बीचमा एनसेलको ८०% शेयरको बिक्री बदर गरी पाउन माग गरेकोमा प्रचलित कानूनबमोजिम कम्पनीको शेयर बिक्रीमा यस कार्यालयको कुनै भूमिका रहेको छैन। एनसेल कम्पनीको स्वामित्व हक हस्तान्तरणका सम्बन्धमा यस कार्यालयको कुनै भूमिका नहुने हुँदा यस कार्यालयलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भन्नेसमेतको ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको लिखित जवाफ।

५. दूर सञ्चार नियमावली, २०५४ को नियम १५(ट) मा चुक्ता पूँजीको ५% भन्दा बढी शेयर खरीद वा बिक्री गर्नुअघि प्राधिकरणको स्वीकृति लिनुपर्ने कानूनी व्यवस्था रहेको छ। नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री विनियमावली, २०७६ को विनयम ४(क) मा अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्ना शेयर धनीको शेयर खरीद बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्नुपर्ने भन्ने व्यवस्था अनुरूप गर्न गराउन एनसेल आजियाटा लिमिटेड शेयर खरीद बिक्री सम्बन्धमा कम्पनीको Holding Company को शेयर बिक्री तथा हक-हस्तान्तरण सम्बन्धमा मिति २०८०।८।१५ मा एनसेललाई पत्रचार गरिएको छ। यस प्राधिकरणबाट मिति २०८०।०८।२५ मा पुनः शेयर खरीद, बिक्री तथा हक हस्तान्तरणसम्बन्धी कागजातहरू प्राधिकरणमा यथाशिघ्र उपलब्ध गराउन एनसेल आजियाटा लि.लाई पत्राचार गरिएको थियो। साथै प्राधिकरणबाट मिति २०८०।०८।२६ मा पुनः शेयर खरीद बिक्री सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन पत्राचार गरेको थियो। तत्पश्चात एनसेलले मिति २०८०।०९।०३ मा शेयर खरीद बिक्री सम्बन्धी विवरण उपलब्ध गराएकोमा उक्त प्रास विवरण प्रमाणित प्रतिलिपि नभएकाले पुनः मिति २०८०।०९।०४

मा यस प्राधिकरणबाट शेयर खरीद बिक्री सम्बन्धी सम्झौता (SPA) को प्रमाणित प्रतिलिपि उपलब्ध गराउन निर्देशनसहित पत्राचार गरिएको हो। मिति २०८०।०९।०५ मा एनसेलले रेनोल्ड होल्डिङ लिमिटेडबाट आधिकारिक नोटराइजड प्रति प्राप्त हुनासाथ यस प्राधिकरणसमक्ष पेस गरिने व्यहोरा सहितको पत्र पठाएकोमा एनसेलले मिति २०८०।०९।१७ मा प्रमाणित प्रतिलिपि पेस गरेको साथै उक्त प्रमाणित प्रतिलिपि एनसेलको शेयर खरीद बिक्री अध्ययन तथा छानविन समितिमासमेत पेस गरिसकिएको छ। दूरसञ्चार ऐन, २०५३ बमोजिम नेपाल दूरसञ्चार प्राधिकरण एक नियामक निकायको रूपमा कार्य गर्दै आइरहेको परिपेक्षमा यस विषयको नियमन गर्न समेत दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, २०५४ र नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ रहेको र सोहिअनुरूप यस प्राधिकरणले नियामक निकायको हैसियतले कार्य गर्दै आइरहेको हुँदा रीट निवेदन खारेज गरी पाऊँ भन्नेसमेतको नेपाल दूर सञ्चार प्राधिकरणको तर्फबाट पेस भएको लिखित जवाफ।

६. कम्पनी ऐन,२०६३ को दफा १२ को प्रावधानबमोजिम पाँच करोडभन्दा बढी चुक्ता पूँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनी पब्लिक कम्पनीको रूपमा संस्थपना हुनुपर्नेछ। सोही अनुरूप एन्सेल आजियाटा लिमिटेडसमेत पब्लिक कम्पनीको रूपमा यस कार्यालयमा अभिलेख रहेको छ। विदेशी लगानी भएको कम्पनीमा सम्बन्धित नियमनकारी निकाय (एन्सेल आजियाटा लिमिटेडको हकमा नेपाल दुरसंचार प्राधिकरण) को स्वीकृती र उद्योग विभागको सहमतिका आधारमा कम्पनी ऐन, २०६३ ले दिएको अधिकार तथा कार्य जिम्मेवारीभित्र रही कम्पनीका अध्यावधिक, कानूनसम्मत भएमा शेयर खरीद बिक्री लगायतका कम्पनीका कार्यहरूको अभिलेखिकरण कार्य यस कार्यालयबाट सम्पादन हुने गरेको छ। अभिलेखिकरणको कार्य सम्पादन गर्दा यस कार्यालय सदैब प्रचलित ऐन, कानून प्रति प्रतिबद्ध रहेको जानकरी गराउँदै प्रस्तुत रीट निवेदन यस कार्यालयको हकमा खारेज गरी पाऊँ भन्नेसमेतको कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ।

७. दूरसञ्चार ऐन, २०५३ को दफा २७ र दूरसञ्चार नियमावली, २०५४ को नियम १४ मा

अनुमतिपत्रको बिक्री वा हस्तान्तरण गर्दा प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको, सोही नियमावलीको नियम १५(ट) मा चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर खरीद वा बिक्री गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था उल्लेख भएको र नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम २ (ज) मा "शेयरधनी" भन्नाले शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ। सो शब्दले नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनीको शेयर धारण गर्ने कम्पनी समेतलाई जनाउनेछ भन्ने व्यवस्था र सोही विनियमावलीको विनियम ४(क) मा अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्ना शेयरधनीको शेयर खरीद बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्नु पर्ने व्यवस्था रहेको छ। दूरसञ्चार ऐन,२०५३ बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणले यस विषयको नियामक निकायको रूपमा कार्य गर्दै आइरहेको तथा यस विषयको नियमन दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली,२०५४ र नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ अनुसार हुने गरेको र कम्पनी ऐन, २०६३ ले शेयर बाँडफाँड, खरीद बिक्री सम्बन्धी व्यवस्था गरेको सन्दर्भमा सोहीअनुसार नियमन र व्यवस्थापन हुने विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रीट निवेदन खारेज गरी पाँउ भन्नेसमेतको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

८. आजियाटा मलेसियाको स्वामित्वमा रहेको एनसेलको शेयर खरीद, बिक्री र हक हस्तान्तरण सम्बन्धमा भए गरेका काम कारबाहीहरूको विस्तृत अध्ययन तथा छानविन गरी नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर, दूरसञ्चार सेवा नियमन तथा सञ्चालन र नेपाल सरकारको कर तथा राजस्वमा पर्नसक्ने असर तथा प्रभाव विश्लेषण गरी तत्काल चाल्नुपर्ने कदमका सम्बन्धमा यकिन राय सुझाव दिने समेतको कार्यादेश तोकी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०८।२१ को निर्णयबमोजिम पूर्व महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल) को संयोजकत्वमा दूरसञ्चार सेवा प्रदायक कम्पनी

एनसेलको शेयर, बिक्री सम्बन्धी अध्ययन तथा छानबिन समितिसमेत गठन भएको छ। उक्त समितिबाट यस विषयमा कार्य अगाडि बढेको र समितिको कार्यादेशमा एनसेलको शेयर खरीद बिक्रीको सन्दर्भमा उठेका विषयहरूमा केन्द्रित भई नेपालको दूरसञ्चार क्षेत्रका लागि भविष्यमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपालको प्रत्यक्ष वैदेशिक लगानी तथा विदेशी मुद्रा विनिमय सम्बन्धी नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था, नेपालको दूरसञ्चार सेवा सञ्चालन तथा नियमन सम्बन्धी नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था, नेपालको कम्पनी प्रशासन तथा धितोपत्र सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था र नेपालको कर प्रशासन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाको अध्ययन तथा विश्लेषण गरी राय सुझाव दिने समेतको विषय उल्लेख छ। समितिलाई तोकिएका उल्लिखित कार्यादेश समेतका आधारमा उक्त समितिबाट पेस हुने अध्ययन तथा छानबिन प्रतिवेदनसमेतबाट निवेदकले उठान गर्नुभएको विषय सम्बोधन हुने नै हुँदा उल्लिखित अध्ययन तथा छानबिन समितिबाट अगाडि बढिरहेको अध्ययन तथा छानबिनको विषयलाई लिएर दायर हुन आएको र प्रस्तुत रीट निवेदन सार्वजनिक सरोकारको विषयसमेत नभएकाले प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भन्नेसमेतको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकातर्फबाट पेस भएको लिखित जवाफ।

९. मैले यस अघि नै रीट निवेदन (०८०-WO-०५२९) दर्ता गराई विचराधीन रहेको भएपनि यस समबन्धमा केही नयाँ तथ्य र थप पक्षहरूलाई समेत विपक्षी बनाउन आवश्यक रहेकोले सर्वोच्च अदालत नियामावली, २०७४ को नियम १५ वमोजिम रीट निवेदन दर्ता गरेको छु। रेनल्ड्स होल्डिङ कम्पनी आजियाटा इन्भेस्टमेन्टस (यु.के.) लिमिटेड अन्तर्गतको कम्पनी हो। रेनल्ड्स होल्डिङ कम्पनी जसको ८० प्रतिशत शेयर एनसेल कम्पनीमा रहेको छ, सो कम्पनीले आफ्नो सबै ८० प्रतिशत शेयर वेलायतमा सतीश लाल आचार्यको नाममा दर्ता रहेको स्पेक्ट्रलाईट यु.के. लिमिटेडलाई ५० मिलियन अमेरिकी डलर करीव ६ अर्ब रूपैयाँमा बिक्री गरेको घोषणा गरेको छ। बाँकी रहेको २० प्रतिशत सतिश लाल आचार्यकै श्रीमती भावना सिंह श्रेष्ठको एकल स्वामित्वमा रहेको सुनिभेरा

क्यापिटल भेन्चर्समा रहेको छ। सतिशलाल आचार्य नेपाली नागरिकता त्याग गरी सिंगापुरका नागरिक भइसकेका छन्। निजको श्रीमती भावना सिंह श्रेष्ठ नेपाली नागरिक रहेको छन। दूरसंचार ऐन,२०५३ को दफा ३३ र दफा २५ वमोजिम पच्चीस बर्षपछि पच्चास प्रतिशत भन्दा बढी शेयर विदेशीको भएको खण्डमा पच्चीस बर्ष पश्चात सो कम्पनी नेपाल सरकारको स्वामित्वमा हस्तान्तर हुने कानूनी प्रावधानलाई छल्नका लागि नेपाल सरकारमा हस्तान्तरण हुन नपाओस भन्ने गलत मनसायका साथ शेयर खरीद विक्रि गरिएको छ। दूरसञ्चार ऐन, २०५३ को दफा २५ मा दूरसञ्चार कम्पनीको अनुमतिपत्रको अवधि बढीमा २५ वर्षको हुनेछ भनिएको छ। एनसेलले २०६१ भदौ १६ मा अनुमति पाएको थियो। यसको २५ वर्ष २०८६ भदौ १६ गते पुग्दै छ। दूरसञ्चार ऐन, २०५३ को दफा ३३ मा जम्मा पूंजी लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धीत जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनामा अनुमतिपत्रको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुनेछ भनी लेखिएको छ। एनसेल कम्पनी २०८६ भाद्रमा नेपाल सरकारको स्वामित्वमा आउने हुँदा ८० प्रतिशत शेयर खरीद बिक्री गर्ने गैरकानूनी कार्यलाई रोकी पाऊँ भन्नेसमेतको रीट निवेदकले दायर गरेको पुरक निवेदनपत्र।

१०. निवेदकले मिति २०८०।८।२२ मा दिएको निवेदनमा उल्लेख गरिएका प्रत्यर्थीहरूका अतिरिक्त अन्य प्रत्यर्थीहरू समेत समावेश गरी प्रत्यर्थी कायम गरी पाउन प्रस्तुत निवेदन परेको देखिन्छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४७ (३) बमोजिम विषयवस्तुको प्रकृतिबाट निवेदनमा उल्लेख गरेका प्रत्यर्थीहरू बाहेकका अन्य व्यक्ति पनि बुझ्न सक्ने व्यवस्था भएको र प्रस्तुत निवेदनमा थप उल्लेख भएका प्रत्यर्थीहरू बुझ्न आवश्यक देखिएकोले निवेदकले निवेदनमा उल्लेख गरेका विपक्षीहरू रेनोल्ड्स होल्डिंस लिमिटेड, स्पेक्ट्रलाईट वेलायती कम्पनीमा स्वामित्व रहेको शतिसलाल आचार्य, सुनीभेरा क्यापिटल भेन्चर्स, ठुला करदाता कार्यालय, नेपाल राष्ट्र बैंकलाई प्रत्यर्थी कायम गरी मिति

२०८०।८।२२ बमोजिमको म्याद सूचना जारी गरी नियमानुसार गरी पेस गर्नु भनी यस अदालतबाट मिति २०८०।१०।५ मा भएको आदेश।

११. निवेदकले एनसेल एक्जियाटा लि.को ८०% शेयर खरीद बिक्री भएको भने पनि यस कम्पनीको शेयर खरीद बिक्री भएको छैन। कम्पनीमा ८ जना शेयरधनीहरू रहेका छन। सेन्टकिट्स एण्ड नेभिसमा दर्ता रहेको रेनोल्ड्स होल्डिङ्स लि.को करीव ८०% र सुनिभेटा क्यापिटल भेन्चर प्रा.लि. समेतका ७ जना नेपाली शेयर धनीहरूको २०% शेयर रहेको छ। कम्पनीको शेयर कसैलाई बिक्री गरिएको छैन। निवेदकले रीट निवेदनमा नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम ४(क) को पनि उल्लंघन भएको भनेतापनि आजियाटा इन्भेष्टमेन्ट (युके) लि. र स्पेट्लाइट युके लि. को विचमा १ डिसेम्बर २०२३ मा भएको रेनोल्ड्स होल्डिङ्स लि. को शेयर खरीद बिक्री कारोबारको जानकारी सो मिति अगाडि नेपाल कानूनबमोजिम नेपालमा दर्ता रही नेपालमा नै कारोवार गर्दै आएको हो। त्यस्को साथै ऐ. विनियम ५ ले प्राधिकरणसंग स्वीकृति माग गर्दा शेयर लागत मूल्य र खरीद बिक्री मूल्य खुलेको शेयर खरीद बिक्रीको लागि भएको द्विपक्षीय सम्झौता (Share Purchase Agreement) को प्रतिलिपि पेस गर्नु पर्ने व्यवस्था गरेको हुँदा १ डिसेम्बर २०२३ मा भएको शेयर खरीद बिक्री सम्झौताको प्रतिलिपि सो मिति अगावै पेस गरी स्वीकृति माग गर्न सक्ने अवस्था देखिन्दैन। ऐ. विनियमावलीको विनियम १(३) ले सो विनियमावली अनुमतिपत्र प्राप्त व्यक्तिको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर बिक्री गर्न प्राधिकरणको स्वीकृति लिने दिने प्रयोजनका लागि मात्र लागू हुनेछ भन्ने किटानी व्यवस्था गरेको छ। कम्पनी ऐन, २०६३ को दफा ५१ बमोजिम कम्पनीले तयार गर्ने शेयरधनीको लगतमा दफा ५१(२) को खण्ड (ग) बमोजिम कम्पनीको चुक्ता पूँजी उल्लिखित हुने र सो चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर बिक्री भए गरेको स्थितिमा मात्र सो विनियमावलीको स्वीकृति लिनु पर्ने हुन्छ। दूरसञ्चार ऐन, २०५३ ले अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्रीको सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। दूरसञ्चार नियमावली, २०५४ को

नियम १५(८) आफ्नो चुक्ता पूंजीको ५ प्रतिशत भन्दा बढी शेयर खरीद वा बिक्री गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ। तर, सो नियमले अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरधनीको पनि शेयरधनीको शेयर खरीद बिक्री गर्दा वा हुँदा प्राधिकरणको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छैन। ऐन र नियमावलीले नै नगरेको व्यवस्था विनियमावलीले गरेको हो भनी अर्थ गर्न नमिल्ने हुँदा प्रस्तुत रीट निवेदन खारेज गरी पाऊँ भन्नेसमेतको एनसेल आजियाटा लिमिटेडको तर्फबाट पेस भएको लिखित जवाफ।

१२. एनसेल कम्पनीमा ८० प्रतिशत शेयर स्वामित्व रहेको रेनल्ड्स होल्डिङसले आफ्नो सम्पूर्ण शेयर सतिशलाल आचार्यको नाममा दर्ता रहेको स्पेक्ट्रलाईट यु.के. लिमिटेडलाई बिक्री गरेको कार्यमा यस बैङ्कको कुनै भूमिका रहेको छैन। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा नेपाल राष्ट्र बैंकलाई विदेशी लगानी स्वीकृतीको जानकारी प्राप्त गर्ने, विदेशी लगानीकर्तालाई विदेशी लगानी फिर्ता लैजान सटही सुविधा प्रदान गर्ने अधिकार प्रदान गरेको छ। यस बैंकले विदेशी लगानी तथा लगानी फिर्ताको लेखाङ्कन र सो कार्यका लागि सटही सुविधा प्रदान गर्ने गर्दछ। निवेदकले उल्लेख गर्नुभएको शेयर खरीद बिक्रीका लागि यस बैंकले हालसम्म कुनै सटही सुविधा प्रदान गरेको छैन। निवेदकले आफ्नो निवेदनमा एनसेलको सम्पत्तिको मूल्य ६ अर्बमात्रै हुँदा तीन ठूला बैंकबाट ४० अर्ब बराबरको ऋण कसरी प्राप्त गरेको भनी प्रश्न गरिएको छ। नेपाल राष्ट्र बैंकबाट "क" “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०८० इ.प्रा.निर्देशन नं. २/०८० मा कर्जा प्रवाह, वर्गीकरण तथा कर्जा नोक्सानी सम्बन्धी व्यवस्था रहेको छ। सोही निर्देशन र सम्बन्धित ऐन, कानूनको अधिनमा रही बैंकहरुले ऋण प्रवाह गर्ने हुँदा बैंकहरुले धितो राखी दिएको कर्जालाई अन्यथा भन्न मिल्ने देखिदैन। यस बैंकले नियमितरुपमा गर्ने Onsite Inspection र Offisite Supervision को क्रममा कुनै बैंकले निर्देशन विपरीत कर्जा प्रवाह गरेको पाइएमा नियामकीय कारवाही हुने नै हुन्छ। विना आधार कारण यस बैङ्कलाई विपक्षी बनाई दायर

भएको प्रस्तुत रीट निवेदन खारेज गरिपाउँ भन्नेसमेतको नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

१३. विदेशमा आजियाटा युके र स्पेक्ट्रलाईट युके लिमिटेडबीच एनसेलको ८० प्रतिशत शेयर बिक्री गर्न भएको सम्झौतालाई मान्यता नदिन परमादेशको माग भएको पाइन्छ। एनसेलको शेयरधनी आजियाटा नभएकोले एनसेलको शेयर आजियाटाले विक्री गर्ने र अर्को कुनै कम्पनीले किन्न सक्ने अवस्था नै छैन। मिति २०८०।८।१५ र सोभन्दा अघि र पछि समेत एनसेलको ८० प्रतिशत शेयर खरीद विक्री भएको छैन। एनसेलको शेयरधनी रेनोल्ड होल्डिंगसमेतका नाममा रहेको शेयरधनी लगतमा सो मिति र सोभन्दा अघि पछि समेत कुनै परिवर्तन भएको छैन। एनसेलको शेयर नभई एनसेलको शेयरधनी विदेशी लगानीकर्ता कम्पनी रेनोल्ड होल्डिंगको शेयर खरीद विक्री भएको अवस्थामा एनसेलको ८० प्रतिशत शेयर विक्री भएको भन्ने गलत हो। संयुक्त अधिराज्यको कानून बमोजिम संयुक्त अधिराज्यमा संस्थापित कम्पनीको वैधानिकता नेपालको क्षेत्राधिकारबाट परीक्षण हुने विषय होइन। संयुक्त अधिराज्यको कम्पनी ऐन, २००६ को दफा १६ को उपदफा (३) ले संगठित संस्था संस्थापित कम्पनीका सबै कार्यहरु गर्न सक्षम हुने व्यवस्था गरेकोले संयुक्त अधिराज्यमा स्थापित कम्पनीले शेयर खरीद गरेको कार्यलाई अन्यथा मान्न सम्झ मिल्दैन। नेपालको प्रचलित कम्पनी ऐन, २०६३ को दफा ७ (२) ले समेत कम्पनीलाई व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न सक्षम कानूनी व्यक्तित्व प्रदान गरेको छ। रीट निवेदनकले निवेदनपत्रमा कर छलीको मिथ्यारोप लगाउनु भएको छ।पूँजीगत लाभकर लाग्ने अवस्थै विद्यमान नभएकोले पूँजीगत लाभकर छल्ने नियत राख्नु पर्ने अवस्थै हुँदैन। विदेशी कम्पनी रेनोल्डस् होल्डिंगसको शेयर नेपालमा नभई विदेशमा दर्ता हुने तर नेपालको कुनै निकायमा दर्ता नै नभएकोले कसैले चाहेर पनि सो शेयर नेपालमा खरीद विक्री हुँदैन हुन सक्दैन। कारोवारमा नेपालको कानूनबमोजिम कर लाग्ने वा नलाग्ने सम्बन्धमा सम्बन्धित साधिकार कर कार्यालयले आफूसमक्ष कारोवारसँग सम्बन्धित विवरण आयकर ऐन बमोजिम पेस दाखिला भएपछि कर छलियों वा छलिएन र कति कर के कसरी लाग्ने

भनेर निर्धारण हुने विषय हो।पूँजीगत लाभकर छल्ने नियतबाट शेयर खरीद विक्री गरिएको जिकिर तथ्य र प्रमाण प्रतिकूल छ। विपक्षीको माग दावी औचित्यहिन हुँदा प्रस्तुत रीट निवेदन खारेज गरी पाउँ भन्नेसमेतको सुनिभेरा क्यापिटल भेन्चर्स प्रा.लि.को तर्फबाट पेस भएको लिखित जवाफ।

१४. विपक्षीले निवेदनमा पच्चीस वर्षपछि कम्पनी नेपाल सरकारको स्वामित्वमा हस्तान्तरण हुने कानूनी प्रावधानलाई छल्नका लागि नेपाल सरकारमा हस्तान्तरण हनु नपाओस् भन्ने गलत मनसायका साथ शेयर खरीद बिक्री गरिएको भनिएको छ। दूरसञ्चार ऐन र कम्पनी ऐनले सरकारको स्वामित्वमा समग्र कम्पनी नै हस्तान्तरण हुने कल्पना गरेको छैन। कम्पनी ऐन, २०६३ को दफा ४२ (१) ले सो ऐन, प्रवन्धपत्र र नियमावलीका अधीनमा रही शेयर चल सम्पत्ति सरह बिक्री गर्न सकिने व्यवस्था गरेको छ। एनसेलको शेयर संरचनामा हाल विवादित शेयर खरीद बिक्रीले कुनै सारभूत असर नपरे, नपारेको सन्दर्भमा पाँच वर्षको अवधि पछि सोही बखत प्रचलित कानून र कायम रहेको शेयर संरचना अनुसार निर्धारित र निरूपण हुने विषयलाई अहिले नै कल्पनाका भरमा कुनै ठहर निष्कर्षमा पुग्न मिल्ने सकिने अवस्था समेत छैन। मिति २०८०।१०।५ गते पेस गर्नुभएको निवेदनपत्रमा कर छलीको मिथ्यारोप लगाइएको छ। कानूनः यो शेयर खरीद बिक्री कारोवारमा पूँजीगत लाभकर लाग्ने अवस्थै विद्यमान नभएकोले पूँजीगत लाभकर छल्ने वा छल्ने नियत राख्ने राख्नुपर्ने अवस्थै छैन। विदेशी कम्पनी रेनोल्डस् होल्डिंगसको शेयर नेपालको कुनै निकायमा दर्ता नै नहुने भएकोले सो शेयर नेपालमा खरीद बिक्री हुँदैन, हुन सक्दैन। मलेशियाको साधिकार निकायमा विवरण खुलाएर भएगरेको वास्तविक, पारदर्शी र विधिसम्मत शेयर खरीद बिक्री कारोवार विपक्षीले दाबी गरेकै भरमा प्रारम्भिक रूपमा संशयपूर्ण (शंकास्पद), अपारदर्शी तथा अवास्तविक हुने पनि होइन। शेयर खरीद बिक्री कारोवारमा नेपालको कानून बमोजिम कर लाग्ने वा नलाग्ने वा लागे के कति कर लाग्ने सम्बन्धमा सम्बन्धित साधिकार कर कार्यालयको अधिकारक्षेत्रको विषय हो। यस परिप्रेक्ष्यमा साधिकार कर कार्यालयको अधिकारक्षेत्रमा अनाधिकार हस्तक्षेप गरी पूँजीगत

लाभकर छल्ने नियतबाट शेयर खरीद बिक्री गरिएको भनी लिइएको जिकिर तथ्य र प्रमाण प्रतिकुल हुँदा प्रस्तुत रीट खारेज गरिपाऊँ भन्ने समेतको स्पेक्ट्रलाइट बेलायती कम्पनी स्वामित्व रहेको सतिशलाल आचार्यको तर्फबाट पेस गरेको लिखित जवाफ।

१५. मिति २०८०।१०।५ गते पेस गर्नुभएको निवेदनपत्रमा कर छलीको आरोप लगाइएको छ। हामी कम्पनी नेपालको कानून अनुरूप प्रशासित हुने कम्पनी होइनौं। नेपालको कम्पनी कानून तथा विदेशी लगानी सम्बन्धी कानूनले हामीले नेपालमा गरेको लगानीसम्मलाई नियमित गर्ने हो। तर, छुट्टै सार्वभौम देशको कानून बमोजिम स्थापित तथा सञ्चालित भएको कम्पनीलाई आफ्नो सार्वभौम क्षेत्राधिकार भन्दा बाहिर गई नेपालको कानून अनुसार प्रशासित हुनु पर्दछ भनी लिईएको निवेदन जिकिर राष्ट्रको सार्वभौमिकता तथा प्रादेशिक क्षेत्राधिकार समेत प्रतिकुल रहेको छ। जहाँसम्म नेपालको कर कानूनको सन्दर्भ रहेको छ, शेयर खरीद विक्री कारोवारमा नेपालको कानून बमोजिम कर लाग्ने वा नलाग्ने वा लागे के कति कर लाग्ने सम्बन्धमा सम्बन्धित साधिकार कर कार्यालयको अधिकारक्षेत्रको विषय हो। कम्पनीको संरचना र लगानीको आधारमा सम्मानित सर्वोच्च अदालतबाट भएको ब्याख्या समेतलाई मध्यजनर गरी आयकर ऐन, २०५८ को दफा ५७ को व्यवस्था अनुसार उल्लेखित शेयर खरीद विक्रीको कारोबार बाट एनसेलको सम्पत्ती तथा दायित्वको निसर्ग भएको मानी नेपालमा यस कम्पनी शेयरधनी भएको एनसेलले सम्पूर्ण कर चुक्ता गरिसकेको अवस्थामा पूँजीगत लाभकर छल्ने नियतबाट शेयर खरीद विक्री गरिएको भनी लिइएको निवेदन खारेज भागी छ। नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद विक्री) विनियमावली, २०७६ को विनियम १(३) ले अनुमतिपत्र प्राप्त व्यक्तिको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर खरीद विक्री गर्न प्राधिकरणको स्वीकृति लिने दिने प्रयोजनका लागि मात्र सो विनियमावली लागू हुने व्यवस्था गरेबाट सो भन्दा अन्य प्रयोजनका लागि विनियमावलीको प्रयोग नहुने, हुन नसक्ने गरी विनियमावलीको कार्यक्षेत्र र परिसिमा सुनिश्चित भएको छ। सो विनियमावलीको विनियम २(ग) मा गरिएको अनुमतिपत्र प्राप्त व्यक्ति र विनियम २ (च) मा गरिएको

शेयरको परिभाषामा समेत अनुमतिपत्र प्राप्त व्यक्ति अर्थात् एनसेलको शेयरलाई मात्र समावेश गरिएको छ। विनियमावली १(३) ले तोकेको परिसिमालाई मिचेर विदेशी सार्वभौमसत्ता र कानून बमोजिम संस्थापित र सञ्चालित विदेशी कम्पनीको शेयरसमेत प्राधिकरणको स्वीकृति लिएरमात्र खरीद विक्री हुनुपर्ने अर्थ गर्न नमिल्ने हुँदा प्रस्तुत रीट खारेज गरी पाउँ भन्नेसमेतको रेनोल्ड्स होल्डिङस् लिमिटेडको तर्फबाट अख्तियारप्राप्त डोनाल्ड जेम्स रे ले यस अदालतमा पेस गरेको लिखित जवाफ।

अदालतको आदेश

१६. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलासमा पेस हुन आएको प्रस्तुत रीट निवेदनको मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

१७. रीट निवेदक स्वयं श्री अमरेशकुमार सिंह तथा निज निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारी तथा विद्वान् अधिवक्ता द्वय श्री दिपेन्द्र झा, श्री अभिकेस पण्डितले सन् २०१६ मा एक खर्ब त्रिचालिस अर्ब रूपैयाँ आजियाटा ग्रुपले एनसेलमा ८० प्रतिशत शेयर लिई टेलिया सोनेरा कम्पनीबाट शेयर किन्न सक्ने कम्पनीले अहिले आएर ६ अर्ब ६५ करोडमा मात्रै शेयर बिक्री गर्नु स्वाभाविक हुन सक्दैन। एनसेल कम्पनीको वार्षिक आम्दानी ४० अर्ब छ। यस्तो अबस्थामा ८० प्रतिशत शेयर ६ अर्बमा मात्र बिक्री गर्नु राजस्व छल्ने मनसाय रहेको प्रष्ट देखिन्छ। दूरसञ्चार नियमावली, २०५४ को नियम १५(ट) बमोजिम चुक्ता पूँजीको पाँच प्रतिशत सेयर खरीद बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्नेमा सो लिइएको छैन्। नेपालको प्रचलित कानूनको पालना नगरी कर छल्ने उद्देश्यले कम मूल्यमा विदेशमा आजियाटा यु.के. र स्पेक्ट्रलाइट यु.के. लिमिटेडबीच एनसेलको ८० प्रतिशत शेयर बिक्री गर्न भएको सम्झौता कानूनसम्मत नभएकाले उक्त सम्झौतालाई मान्यता नदिनु भनी विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी हुनुपर्छ। साथै नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा त्यसरी गरिएको शेयर कारोबारको वैधानिकता उत्प्रेषणको आदेशले बदर हुनुपर्छ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।

१८. त्यसैगरी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट सह-न्यायधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली तथा श्री ध्रुवकुमार चौहानले राज्यले कानूनबमोजिम पाउनुपर्ने राजस्व पाउनुपर्छ भन्ने कुरामा विमति छैन्। टंकमणि शर्माको संयोजकत्वमा समिति गठन भई प्रतिवेदन नै पेस भएको अवस्थामा पुनः समिति गठन गरिनु पर्छ भन्नु औचित्यपरक छैन्। निवेदकले निवेदनमा के कुन मितिको निर्णय बदर गर्नुपर्ने हो र के कुरामा परमादेश जारी गर्नुपर्ने हो, प्रस्टरूपमा माग गर्नसकेको अवस्थासमेत छैन्। तसर्थ प्रस्तुत रीट सैद्धान्तिक रूपमा नै नमिलेकाले खारेज गरिपाऊँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो। साथै प्रत्यर्थी नेपाल राष्ट्र बैङ्कको तर्फबाट विद्वान् अधिवक्ता श्री हेमराज अधिकारीले नियमनकारी निकायले पठाएको कागजात हेरी, जाँची सोही आधारमा रकम लैजान नेपाल राष्ट्र बैङ्कले अनुमति दिएको हो। नेपाल राष्ट्र बैङ्कले गरेको कार्य विदेशी लगानी हस्तान्तरण ऋण व्यवस्थापन निर्देशिका, २०७८ समेतको आधारमा भएकोले निवेदकलाई नेपाल राष्ट्र बैङ्कको कुन कार्यले असर परेको हो स्पष्ट नहुँदा प्रस्तुत रीट खारेज गरिपाऊँ भनी गर्नुभएको बहस सुनियो।

१९. साथै दूरसञ्चार प्राधिकरणको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री बिरेन्द्र खड्का, श्री करुणा सिलवालले निवेदकको निवेदन माग नै स्पष्ट छैन्। आजियाटा ईन्भेष्टमेन्ट (यु.के.) र स्पेक्ट्रलाइट यु.के. लिमिटेडबीच भएको शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार डिसेम्वर १ सन् २०२३) को सम्झौतालाई दूर सञ्चार प्राधिकरणले मान्यता नदिने निर्णय गरिसकेको छ। उक्त विषयमा छानविन समितिले छानविन गरी प्रतिवेदन पेस गरिसकेको र सो सम्झौतालाई मान्यता नदिने भनी आजियाटालाई जानकारीसमेत गराइसकेको अवस्थामा प्रस्तुत रीटको औचित्य नै समाप्त भएको छ। प्रस्तुत रीट निवेदन खारेज हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

२०. त्यसैगरी विपक्षी एनसेल आजियाटा लिमिटेडको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भू थापा, श्री पूर्णमान शाक्य, श्री कोमलप्रकाश घिमिरे, श्री शरदप्रसाद कोइराला, श्री महेशकुमार थापा तथा विद्वान् अधिवक्ताहरू श्री अपूर्व खतिवडा, श्री कैलाशप्रसाद न्यौपाने,

श्री प्रभाश निरौला, श्री कुमार सिलवाल, श्री डिल्लीराम श्रेष्ठले करारीय सम्झौतालाई सार्वजनिक सरोकारको विषय भनी हेर्न मिल्दैन। ऐनसेलको शेयर खरीद बिक्री भएपछि विनियमावली संसोधन भएको हो। सो हुँदा उक्त विनियमावली लागू हुँदैन्। कम्पनीले आफ्नो शेयर खरीद बिक्री गर्न नपाउने भन्ने नै हुँदैन्। कर छल्नका लागि शेयर कम मूल्यमा बेचिएको भनिएको छ। कम मूल्यमा बेचेको भन्ने कुनै प्रमाणले पुष्टि गर्दैन। सो हुँदा प्रस्तुत रीट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

२१. एनसेल आजियाटा लिमिटेड र सुनीभेरा क्यापिटल भेन्चरस समेतको तर्फबाट विद्वान् अधिवक्ता श्री मदनकुमार डंगोलले विदेशी कम्पनीले विदेशमा नै शेयर खरीद बिक्री गरेको कार्यमा नेपालको कानून आकर्षित हुने होइन। ऐन र नियमावलीमा नै उल्लेख नभएको व्यवस्था विनियमावलीमा राख्नु कानूनसम्मत हुँदैन। शेयर खरीद बिक्री गर्नु अघि दूर सञ्चार प्राधिकरणको पूर्व स्वीकृति लिनुपर्ने औचित्य नै छैन्। तसर्थ प्रस्तुत रीट निवेदन खारेज गरिपाऊँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो। साथै विपक्षी शतिसलाल आचार्यको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शतिशकृष्ण खरेल तथा विद्वान् अधिवक्ता श्री समिर शर्माले सार्वजनिक पदाधिकारीले गरेको निर्णय कानूनसम्मत नभए मात्रै परमादेशमा आउने हो। प्राइभेट कम्पनीबीच भएको शेयर खरीद बिक्रीमा रीटमा आउन मिल्ने हुँदैन। सो हुँदा प्रस्तुत रीट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

२२. **उपर्युक्तानुसारको तथ्य, निवेदन जिकिर, लिखित जवाफ एवम् बहस बुँदा रहेको प्रस्तुत रीट निवेदनमा देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आयो।**

(क) आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के.लिमिटेडबीच शेयर खरीद बिक्री गर्ने गरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा सम्झौता गरी Ncell Axiata Limited को शेयर खरीद बिक्री भएको हो वा होइन्?

(ख) आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा भएको सम्झौता गर्नुपूर्व नियामक निकाय नेपाल दूरसंचार प्राधिकारणको पूर्व स्वीकृति लिनुपर्ने हो वा होइन्?

(ग) आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा भएको सम्झौताबाट शेयर खरीद बिक्री गर्दा पूँजीगत लाभ कर तिर्नु बुझाउनु पर्ने हो वा होइन्?

(घ) दावीको शेयर खरीद बिक्री सम्बन्धमा छानविन गरी प्रतिवेदन दिन नेपाल सरकारद्वारा टंकमणि शर्माको संयोजकत्वमा मिति २०८०।८।२१ मा गठित समितिलाई स्वतन्त्र र पारदर्शी तरिकाले छानविन गर्न भनी मार्गदर्शन जारी गर्न मिल्ने हो वा होइन? र

(ङ) निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन्?

२३. **सर्वप्रथमः आजियाटा इन्भेष्टमेन्ट (यु.के.) र स्पेक्ट्रलाइट (यु.के.) लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा सम्झौता गरी Ncell Axiata Limited को शेयर खरीद विक्रि भएको हो वा होइन्? भन्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा;** सन् २०१६ मा एनसेलको ८० प्रतिशत सेयर १ खर्ब ४३ अर्ब रुपैयाँमा खरीद गरी नेपालको दूरसञ्चार क्षेत्रमा प्रवेश गरेको मलेसियन कम्पनी आजियाटा (आजियाटा ग्रुप बेरहार्ड) ले एनसेलमा रहेको आफ्नो सम्पूर्ण ८० प्रतिशत सेयर स्वामित्व बेलायतमा दर्ता रहेको स्पेक्ट्रलाइट यु.के. लिमिटेडलाई पाँच करोड अमेरिकी डलर (करिब ६अर्ब ६६ करोड रुपैयाँ) मा विक्री गर्ने गरी १ डिसेम्वर २०२३ मा सम्झौता गरेको भन्ने निवेदन दाबी रहेको देखिएको छ।

२४. मिसिल संलग्न कागजात हेर्दा रेनोल्ड्स होल्डिङ्स लिमिटेड (Reynods Hodings Limited) ले एनसेल आजियाटा लिमिटेड लाई १८ डिसेम्बर २०२३ मा लेखेको पत्रमा "*We would like to inform that the SPA(Share Purchase Agreement) relates to transfer of 100% of shares of Reynolds Holdings Limited--a company incorporated and existing in England and Wales- to Spectrlite, a company incorporated and existing in England and Wales. Accordingly, Spectrlite is now the legal owner of 100% of shares of Reynold with effect from 01 December 2023*." भन्ने उल्लेख

भएको देखिन्छ। यसको तात्पर्य, संयुक्त अधिराज्यको कान◌ूनबमोजिम दर्ता रहेको रेनोल्ड्स होल्डिङ्सको शतप्रतिशत सेयर सोही देशको प्राइभेट कम्पनी स्पेक्ट्रलाइट यु.के. लिमिटेडलाई हस्तान्तरण गर्ने सम्बन्धमा १ डिसेम्बर २०२३ मा सेयर खरिद-बिक्री सम्झौता (SPA) भएको र सोही मितिदेखि स्पेक्ट्रलाइट उक्त कम्पनीको कान◌ूनी मालिक भएको देखिन आउँछ। यहाँ विशेष उल्लेखनीय तथ्य के छ भने, खरिदकर्ता भनिएको स्पेक्ट्रलाइट यु.के. लिमिटेड (Spectrlite UK Limited) यो कारोबार हुनुभन्दा करिब दुई महिना अघि मात्र २६ सेप्टेम्बर २०२३ मा कम्पनी नं. १५१६६६७३ मार्फत दर्ता भई १ डिसेम्बर २०२३ को शेयर खरिद बिक्रीको कारोबारमा संलग्न भएको देखिन्छ। अनुमतिपत्र प्राप्त व्यक्ति विपक्षी एनसेल आजियाटा लिमिटेडको ८० प्रतिशत सेयर धारण गर्ने रेनोल्ड्स होल्डिङ्सको शतप्रतिशत स्वामित्व आजियाटा इन्भेष्टमेन्ट (यु.के.) लिमिटेडबाट स्पेक्ट्रलाइटमा हस्तान्तरण हुनुको प्रत्यक्ष परिणाम स्वरूप नेपालस्थित एनसेल आजियाटा लिमिटेडको स्वामित्व र नियन्त्रणमा परिवर्तन भएको प्रस्ट हुन्छ। यसरी होल्डिङ कम्पनीको माध्यमबाट कारोबार गरिएको भए तापनि वस्तुतः एनसेल आजियाटा लिमिटेडको ८० प्रतिशत सेयरको स्वामित्व हस्तान्तरण भएको तथ्यमा कुनै विवाद देखिएन।

२५. **अब, आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा भएको सम्झौता गर्नु पूर्व नियामक निकाय नेपाल दूरसंचार प्राधिकारणको पूर्व स्वीकृति लिनुपर्ने हो वा होइन्? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा;** दूरसंचार नियमावली, २०५४ को नियम १५ मा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरूको व्यवस्था गरिएको छ। सो नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (ट) मा सातौं संशोधन, २०७५ ले **"अनुमतिपत्र प्राप्त व्यक्तिले चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर खरीद वा विक्री गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्ने"** भन्ने व्यवस्था गरेको देखिन्छ। यसै व्यवस्थालाई थप स्पष्ट पार्न नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद-

बिक्री) विनियमावली, २०७६ को विनियम २(ज) मा सेयरधनीको परिभाषालाई व्यापक बनाउँदै "शेयरधनी" भन्नाले "**शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनुपर्छ। सो शब्दले नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनीको शेयर धारण गर्ने कम्पनी (Offshore company) समेतलाई जनाउनेछ**" भन्ने व्यवस्था गरिएको देखियो। त्यसैगरी उक्त विनियमावलीको विनियम ४ मा "**अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानूनको अधीनमा रही शेयर धारण गर्ने व्यक्तिले आफ्नो स्वामित्वमा रहेको शेयर देहायबमोजिम रीत पुर्‍याई नामसारी वा बिक्री गर्न सक्नेछ**" भन्ने व्यवस्था गरी विभिन्न शर्तहरूको व्यवस्था गरेको देखिन्छ। साथै, सोहि विनियमावलीको विनियम ११ मा "**शेयर खरीद वा बिक्री स्वीकृतिको लागि निवेदन दस्तुर वापत रू.१००।- बुझाउनु पर्नेछ**" भन्ने प्रक्रियागत व्यवस्थासमेत सुनिश्चित गरेको देखिन आयो। अनुमतिपत्र प्राप्त व्यक्ति भन्नाले नेपालमा दर्ता रहेको मूल कम्पनीलाई जनाए तापनि नेपाल दुरसंचार प्राधिकरण विनियमावली, २०७६ ले अनुमति प्राप्त व्यक्तिको परिभाषालाई विस्तार गरेको देखियो।

२६. यस प्रकारको कानूनी व्यवस्थाको मुख्य उद्देश्य दूरसञ्चार जस्तो राष्ट्रिय सुरक्षा र सार्वजनिक सरोकारको संवेदनशील क्षेत्रमा हुने लगानी, स्वामित्वको ढाँचा र अन्तिम लाभग्राहीको पारदर्शिता सुनिश्चित गर्नु हो। सो नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (ट)) मा प्रयोग भएको **'अघि' (Prior)** भन्ने शब्दले कुनै पनि सेयर हस्तान्तरणको सम्झौता पूर्ण रूपमा कार्यान्वयनमा आउनु वा स्वामित्व परिवर्तन हुनुभन्दा अगावै नियामक निकायको अनुमति प्राप्त हुनुपर्ने 'Pre-Condition' (पूर्व सर्त) लाई बुझाउँछ। तसर्थ, नेपालभित्र सेवा प्रदान गरिरहेको अनुमतिपत्र प्राप्त कम्पनीको शेयर संरचनामा प्रत्यक्ष वा अप्रत्यक्ष (Offshore) स्वामित्व परिवर्तन हुने जुनसुकै कारोबारमा प्राधिकरणको पूर्व स्वीकृति लिनु आवश्यक देखिन्छ। एनसेल आजियाटा लिमिटेडको लिखित जवाफ दृष्टिगत गर्दा, एनसेल कम्पनीको ८०% शेयर रेनल्डस होल्डिङ लि.को शेयर धनी बेलायत स्थित आजियाटा ईन्भेष्टमेन्ट यु.के.ले सतिशलाल आचार्यको नाम दर्ताको स्पेक्ट्रलाईट यु.के.लि.लाई बिक्री गरेको भनी तथ्य स्वीकार गरेतापनि दूरसञ्चार नियमावली, २०५४

को नियम १५(१)(ट) बमोजिम अनुमति प्राप्त व्यक्तिले आफ्नो चुक्ता पुँजीको ५% भन्दा बढी शेयर खरीद वा बिक्री गर्नु अघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्नेमा सो कानूनी व्यवस्था बमोजिम स्वीकृति लिएको भन्ने उक्त लिखित जवाफलगायत अन्य कागजातबाट देखिन आएन।

२७. कम्पनी ऐन, २०६३ को दफा ५१ बमोजिम कम्पनीले तयार गर्ने शेयर धनीको लगतमा ऐ. दफा ५१ को उपदफा (२) को खण्ड (ग) बमोजिम कम्पनीको चुक्ता पूँजी उल्लिखित हुने र सो चुक्ता पुँजीको ५% भन्दा बढी शेयर बिक्री भए गरेको अवस्थामा दुरसञ्चार नियमावली, २०५४ को नियम १५(१)(ट) को प्रावधान स्वतः आकर्षित हुने देखिन्छ। कम्पनी ऐन, २०६३ को दफा १२ मा केहि खास कारोबार गर्न पब्लिक कम्पनी हुनुपर्ने भन्ने शिर्षक अन्तर्गत **...पाँच करोड भन्दा बढी चुक्ता पूँजी भएको दुरसञ्चार सेवा प्रदायक कम्पनी वा तोकिए बमोजिमको अन्य व्यवसाय वा कारोवार सञ्चालन गर्ने कम्पनी पब्लिक कम्पनीको रुपमा संस्थापन हुनुपर्नेछ** भन्ने कानूनी व्यवस्था रहेको देखियो। कम्पनी ऐन, २०६३ को दफा १२ को प्रावधान बमोजिम पाँच करोडभन्दा बढी चुक्ता पूँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनी पब्लिक कम्पनीको रूपमा संस्थापना हुनुपर्ने भएकाले सोही अनुरूप एन्सेल आजियाटा लिमिटेडसमेत पब्लिक कम्पनीको रूपमा यस कार्यालयको अभिलेखमा रहेको छ भनी कम्पनी रजिष्ट्रारको कार्यालयको लिखित जवाफबाट देखिंदा एन्सेल आजियाटा लिमिटेड पाँच करोडभन्दा बढी चुक्ता पूँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनी रहेको भन्ने तथ्यमा कुनै विवाद रहेन। उल्लेखित कानूनी प्रावधानहरुबाट Ncell Axiata Limited ले आफ्नो वा आफ्ना शेयरधनी कम्पनीको शेयर खरीद बिक्री वा नामसारी गर्नुपूर्व र चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी शेयर खरीद वा विक्री गर्नु अघि नेपाल दूरसंचार प्राधिकरणको पूर्व स्वीकृति लिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा Ncell Axiata Limited ले सो कम्पनीको ८०% शेयर रहेको Reynolds Holdings Limited को शत् प्रतिशत स्वामित्व Axiata Investments UK Limited बाट Spectrlite UK Limited लाई शेयर खरीद विक्रि गर्नु अघि एनसेलले नेपाल दूरसञ्चार प्राधिकरणबाट पूर्व स्वीकृति लिएको पाइएन।

२८. प्रस्तुत मुद्दामा, १ डिसेम्बर २०२३ मा Axiata Investments UK Limited र Spectrlite UK Limited बीच Reynolds Holdings Limited को शतप्रतिशत शेयर बिक्री–खरीद सम्बन्धी सम्झौता गरेको देखिन्छ। मिसिल संलग्न रहेका प्रमाण कागजातहरुलाई हेर्दा पनि Reynolds Holdings Limited ले नेपालको NCELL मा ८० प्रतिशत शेयर धारण गरेको र उक्त कम्पनी अन्य कुनै व्यवसायिक-आर्थिक गतिविधिमा संलग्न नरही केवल एनसेलको 'होल्डिङ कम्पनी' का रूपमा मात्र रहेको देखिन्छ। जब Axiata Investments ले Reynolds Holdings Limited को सम्पूर्ण शेयर Spectrlite UK Limited लाई हस्तान्तरण गर्दछ, त्यसको प्रत्यक्ष प्रभावस्वरूप NCELL को ८० प्रतिशत शेयर स्वामित्व Spectrlite मा Reynolds Holdings को स्वामित्व मार्फत स्थानान्तरण भएको देखिन्छ। यस्तो अवस्थामा Spectrlite कम्पनी नेपालको NCELL को शेयरमा अन्तिम लाभग्राही (Ultimate Beneficial Owner) भई एनसेलसँग कानूनी र व्यावसायिक सम्बन्ध पनि स्थापित हुने **देखिन्छ। "Quando aliquid prohibetur ex directo, prohibetur et per obliquum"** अर्थात **"जुन कार्य प्रत्यक्षरूपमा निषेध गरेको छ, त्यही कार्य अप्रत्यक्ष रूपमा पनि गर्न सकिंदैन"** भन्ने सर्वमान्य न्यायिक सिद्धान्तका आधारमा समेत यदि प्रत्यक्ष रूपमा स्वामित्व परिवर्तन गर्दा नियमनकारी निकायको पूर्व स्वीकृति आवश्यक हुन्छ भने अप्रत्यक्ष वा होल्डिङ कम्पनीमार्फत गरिने स्वामित्व परिवर्तनमा समेत त्यस्तो पूर्व स्वीकृति अनिवार्य हुन्छ।

२९. कम्पनी कानून अन्तर्गतको कानूनी परिकल्पनाबाट सृजित corporate veil को प्रयोग नियमनकारी नियन्त्रण छल्न प्रयोग गर्न मिल्दैन। कम्पनीहरूले आवरण कम्पनी (shell company) मार्फत राज्यको आँखाबाट टाढा रहेर दूरसञ्चार जस्तो राष्ट्रिय महत्वको क्षेत्रमा स्वामित्व परिवर्तन गर्दा दूरसञ्चार प्राधिकरणको नियन्त्रण गर्ने शक्ति निष्क्रिय पार्नु न्यायसङ्गत हुने पनि देखिन आएन। यस्तो अवस्थामा कम्पनीको आवरणलाई उघार्न (pierce) गर्न आवश्यक हुन्छ। यस सम्बन्धमा बेलायतको सर्वोच्च अदालतले *Prest v. Petrodel Resources Ltd [2013] UKSC 34* को मुद्दामा आवरणलाई उघार्ने (Veil-Piercing) को लागि आवश्यक परीक्षण (Test) लाई पुनः परिभाषित गर्दै Lord Sumption ले निम्न

अनुसारको मार्गदर्शन प्रदान गरेको पाइन्छ *"[T]here is a limited principle in English Law which applies when a person is under an existing legal obligation or liability or subject to an existing legal restriction which he deliberately evades or whose enforcement he deliberately frustrates by interposing a company under his control. The court may then pierce the corporate veil for the purpose, and only for the purpose, of depriving the company or its controller of the advantage that they would otherwise have obtained by the company's separate legal personality*" अर्थात कसैले आफूमाथि रहेको विद्यमान कानूनी दायित्व वा प्रतिबन्धलाई नियतवश छल्न वा त्यसको कार्यान्वयनलाई निष्प्रभावी तुल्याउन आफ्नो नियन्त्रणमा रहेको कम्पनीलाई एउटा आवरणको रूपमा बीचमा खडा (Interpose) गरेमा अदालतले कम्पनीको छुट्टै कानूनी व्यक्तित्व (Separate Legal Personality) बाट प्राप्त हुने अनुचित लाभबाट त्यस्तो व्यक्ति वा कम्पनीलाई वञ्चित गर्न आवरणलाई उघार्न (Veil-Piercing) गर्न सक्छ। प्रस्तुत विवादमा Reynolds Holdings Limited को व्यवसायिक आवरण (corporate veil)लाई उघारेर हेर्दा, NCELL को ८०% शेयरको Ultimate beneficial Ownership (अन्तिम लाभग्राही) परिवर्तन हुने हुँदा, त्यस्तो शेयर खरिद विक्रीको कारोबारमा नेपालको दूरसञ्चार नियमावली, २०५४ बमोजिम पूर्व स्वीकृति लिनुपर्ने नै देखिन्छ।

३०. प्रस्तुत मुद्दामा विपक्षी एनसेल आजियाटा लिमिटेडले दुर सञ्चार ऐन, २०५३, दुर सञ्चार नियमावली, २०५४ र नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ र अनुमतिपत्रको शर्तअनुसार अक्षरशः कानून समेतको परिपालना नगरी शेयर कारोवार हुनु अगावै नेपाल दुर सञ्चार प्राधिकरणबाट पूर्व स्वीकृति लिनुपर्नेमा पूर्व स्वीकृति लिई शेयर खरीद बिक्री गरेको भन्ने देखिन आएन। यसबाट आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा सम्झौता गर्दा नेपाल कानूनको अक्षरशः परिपालना भएको देखिएन। मिति २०८०।८।१५ मा नै नेपाल दुरसञ्चार प्राधिकरणले दुरसञ्चार नियमावली, २०५४ को नियम १५(१)(ट) बमोजिमको चुक्ता पूँजीको ५ प्रतिशत भन्दा बढी शेयर खरिद विक्री गर्न अघि प्राधिकरणको स्वीकृति

लिनुपर्ने व्यवस्था र नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम ४(क) बमोजिम शेयर खरिद विक्री वा नामसारी पूर्व प्राधिकरणको स्वीकृति प्राप्त गर्न पत्राचार पनि गरेको देखिन्छ। पत्राचार गरेतापनि सोही दिन स्वीकृतिको लागि आउन सक्ने स्थिति नरहेको लिखित जवाफ पठाई मिति २०८०।०९।०३ मा शेयर विवरण उपलब्ध गराएको देखिन्छ। प्रस्तुत विवादसँग जोडिएको प्रकृतिको शेयर कारोबारले पूर्णता प्राप्त गर्न शेयर विक्रीको सम्झौता गर्नु मात्र पर्याप्त हुँदैन, सोको कानून बमोजिमको अभिलेखीकरण गरी कारोबारको वैधानिकता प्राप्त गर्न स्वीकृति लिनु अनिवार्य देखिन्छ।

३१. **अब, आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा भएको सम्झौता बमोजिम शेयर खरीद बिक्री गर्दा पूँजिगत लाभ कर तिर्नु बुझाउनु पर्ने हो वा होईन भन्ने सन्दर्भमा विचार गर्दा,** दूरसंचार ऐन, २०५३ को दफा २३(१) अनुसार जि. एस. एम. प्रविधिमा आधारित सेलुलर मोवाइल टेलिफोन सेवाको अनुमतिपत्र प्रदान गर्न नेपाल दूरसंचार प्राधिकरणबाट Request for Proposal (RFP) को लागि सार्वजनिक सूचना प्रकाशन भई प्राप्त भएको आवेदनको मूल्यांकन गरी मिति २०६१।०५।१६ मा स्पाइस नेपाल प्रा. लि. "मेरो मोवाइल" लाई मोवाइल सेवाको नेपाल दूरसंचार प्राधिकरणबाट अनुमतिपत्र प्रदान गरिएको भन्ने नेपाल दूरसंचार प्राधिकरणबाट अध्ययन गरी तयार भएको मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ। त्यसैगरी टेलिया कम्पनी (स्वीडेनको टेलियासोनेरा समूह) ले स्पाइस नेपाल प्रा. लि. को शेयर खरीद गरेपश्चात "मेरो मोवाइल" लाई मिति २०६७।०९।२१ मा "एनसेल" को रूपमा Rebranding तथा नाम परिवर्तन गरी संचालनमा आएको भन्ने उक्त प्रतिवेदनबाट देखिन्छ। टेलिया कम्पनीको शेयर Axiata Group Berhad द्वारा सन् २०१६ मा खरीद गरेपश्चात NCELL Axiata Pvt. Ltd. को नामबाट संचालनमा रहेको देखिन्छ। उक्त NCELL Axiata Pvt. Ltd. ले पब्लिक कम्पनीमा दर्ता गर्ने प्रयोजनको लागि शेयर थप गरी NCELL Axiata Limited को नाममा

मिति २०७७।०५।०१ देखि हालसम्म सेवा संचालन गर्दै आएको भन्ने उक्त प्रतिवेदनबाट देखिन आयो। उक्त मिति २०७७।०५।०१ मा NCELL Axiata Limited को लगभग ८०% शेयर रेन्होल्डस होल्डिङ लिमिटेड (Reynolds Holdings Limited), वेस्ट इण्डिजको नाममा रहेको भन्ने मिसिलबाट देखिएको छ।

३२. उक्त १ डिसेम्बर २०२३ मा भएको शेयर खरिद-बिक्री सम्झौताको अध्ययन गर्दा Axiata Investments (UK) Limited (a company incorporate under the laws of England and Wales, acting by Tan Gim Boon, registered office is situated in London) "Seller" र Spectrlite UK Limited (a company incorporated in the British Virgin, acting by Satish Acharya, registered office is situated in London) "Purchaser" रही सन् १ डिसेम्बर २०२३ मा Reynolds Holdings Limited को सम्पूर्ण (entire issued share capital) शेयर खरीद बिक्रिको सम्झौता भएको भन्ने मिसिल संलग्न सम्झौताको प्रमाणित प्रतिलिपिबाट देखिन्छ। मिसिल संलग्न सम्झौताको प्रमाणित प्रतिलिपिमा उल्लेखित बुँदाहरूले यो कारोबार केवल कागजी रूपमा विदेशी कम्पनीको देखिए तापनि यसको प्रत्यक्ष प्रभाव र नियन्त्रण 'एनसेल आजियाटा लिमिटेड' मा पर्ने पुष्टि गर्दछ। सो सम्झौतामा Outstanding amounts को सम्बन्धमा "any outstanding amounts at Completion owing by Ncell in the ordinary course of business to any Seller Group Company will remain outstanding and to be paid by Ncell to the Relevant Seller Group Company in the ordinary course of business", and "any amount due to any Seller Group Company pursuant to the Existing TMSA with remain outstanding and be paid(and the Purchaser shall procure that such amount are paid) to the relavent Shaller Group Company with in 30 days of receiving written approval by the relevent Nepalese Government Authority (if needed) to release such amount" अर्थात कारोबार समापन (Completion) का समयमा एनसेलले व्यवसायको सामान्य प्रक्रिया अन्तर्गत कुनै पनि सेलर ग्रुप कम्पनी (Seller Group Company) लाई बुझाउन बाँकी रहेका सम्पूर्ण रकमहरू बक्यौताकै रूपमा रहनेछन् र एनसेलद्वारा सम्बन्धित सेलर ग्रुप कम्पनीलाई व्यवसायकै सामान्य प्रक्रिया अन्तर्गत भुक्तानी गरिनेछ; साथै, विद्यमान टी.एम.एस.ए. (Existing TMSA) बमोजिम कुनै पनि सेलर ग्रुप कम्पनीलाई

बुझाउनुपर्ने जुनसुकै रकम पनि बक्यौताकै रूपमा रहनेछ र त्यस्तो रकम फस्यौंट गर्नका लागि सम्बन्धित नेपाली सरकारी निकायबाट लिखित स्वीकृति आवश्यक परेको खण्डमा, त्यस्तो स्वीकृति प्राप्त भएको ३० दिनभित्र सम्बन्धित सेलर ग्रुप कम्पनीलाई भुक्तानी गरिनेछ (र खरिदकर्ताले त्यस्तो रकम भुक्तानी हुने कुराको सुनिश्चितता गर्नेछ) भन्ने उल्लेख भएको छ। यसैगरी, सम्झौताको बुँदा ११.८ मा एनसेलको लाभांश नीति (Dividend Policy) र बुँदा ११.१८.२ मा *"The amount of such Nepalese Tax is satisfied using the assets of Ncell"* भनी उल्लेख हुनुले करको दायित्व व्यहोर्ने अन्तिम स्रोत एनसेल नै रहेको देखिन्छ।

३३. सम्झौताको बुँदा ११.२१.१ मा "Ncell uses all reasonable endeavors, to seek clearance from the Central Bank of Nepal and seek other consents, approvals and clearances as may be required from any Governmental Authority to permit the payment by Ncell of all amounts to be paid by Ncell pursuant to agreements and arrangements with the Specified Vendors entered into prior to the date of this agreement..." भन्ने उल्लेख भएको अनुसार एनसेलले भ ूक्तानी गर्नुपर्ने सम्पूर्ण रकमहरूको भ ूक्तानीका लागि नेपाल राष्ट्र बैंक (Central Bank of Nepal) लगायतका अन्य कुनै पनि सरकारी निकायहरूबाट आवश्यक पर्ने पूर्व-स्वीकृति, सहमति र क्लियरेन्स (Clearance) लिन हरसम्भव उचित प्रयास गर्नुपर्ने शर्त राखिएको छ।त्यसैगरी सम्झौताको बुँदा ११.२२.३(A) मा "If the individual currently seconded from a Seller Group Company to Ncell to perform the role of CEO/Managing Director of Ncell (current Ncell CEO) is agreeable to continue the secondment, it is intended that Axiata Group Berhad, Ncell and the current Ncell CEO will enter into a new secondment agreement letter in respect of the secondment of the current Ncell CEO in the agreed form." उल्लेख गरी एनसेलको मुख्य कार्यकारी अधिकृत (CEO/Managing Director) को नियुक्ति र सेकेण्डमेन्ट (Secondment) सम्बन्धी व्यवस्था गरिएको छ, जसले एनसेलको प्रबन्धकीय नियन्त्रण हस्तान्तरणको विषयलाई स्पष्ट पार्छ। यसैगरी, उक्त सम्झौताको बुँदा १५.२ मा 'विक्रेता' (Seller) को पत्राचार गर्ने ठेगाना 'आजियाटा ग्रुप वेरहार्ड, क्वालालम्पुर, मलेसिया' (Axiata Group Berhad, Kuala

Lumpur, Malaysia) भनी उल्लेख हुनुले यस कारोबारको मुख्य केन्द्र र नियन्त्रक मलेसियास्थित मुख्य होल्डिङ कम्पनी रहेको देखिन्छ। सम्झौताको 'Schedule 1' को 'Part 1' मा मुख्य कम्पनीको विवरणमा 'रेनोल्ड्स होल्डिङ्स लिमिटेड' (Reynolds Holdings Limited) उल्लेख छ भने 'Part 2' मा एनसेल आजियाटा लिमिटेड (Ncell Axiata Limited) लाई सहायक कम्पनी (Subsidiary Company) को रूपमा उल्लेख गर्दै एनसेलको ८० प्रतिशत शेयर 'रेनोल्ड्स' सँग रहेको तथ्य स्वीकार गरिएको छ।

३४. सम्झौताको Schedule-3 को Seller's Obligation अन्तर्गतको बुँदा नं २.३ मा रहेको निम्न प्रावधान विशेष रूपमा उल्लेखनीय छ "[T]he Seller shall deliver or cause to be delivered to the Purchaser copies of the resolution of the directors of Ncell pursuant to which the directors of Ncell Shall approve the appointment of the following persons as directors of Ncell with effect from completion." यस बुँदाले विक्रेताले एनसेलको सञ्चालक समितिबाट नयाँ सञ्चालकहरूको नियुक्ति अनुमोदन गराउनुपर्ने शर्त राखेको देखिन्छ, जसले एनसेलको आन्तरिक प्रबन्धकीय नियन्त्रणमा प्रत्यक्ष हस्तक्षेप र हस्तान्तरणको पुष्टि गर्दछ। त्यसैगरी, सम्झौताको 'Schedule-4' (Seller Warranties) को बुँदा २.२ मा एनसेलको ७९.९९% शेयर 'हितकारी स्वामित्व' (Beneficially Owned) रहेको र सो शेयर कुनै पनि 'भार' (Encumbrances) बाट मुक्त रहेको भन्दै नेपालको कर प्रशासन वा अदालतसँग सम्बन्धित विषयलाई यसरी उल्लेख गरिएको छः "79.99% of the share capital of Ncell is beneficially owned by the company as shown in Part 2 of Schedule 1 free from any Encumbrances other than any Encumbrances as a result of or in connecton with: (a) rights of pre-emption or any similar right of any shareholder of Ncell; or (b) any Encumbrance related to any action involving any Nepalese Tax Authority, Nepalese Government Authority or any Nepalese Court." यो प्रावधानले कारोबारमा संलग्न पक्षहरू नेपालको कर कानून, सरकारी निकाय र अदालतको क्षेत्राधिकारप्रति सचेत रहेको र एनसेलको स्वामित्वमा पर्ने कुनै पनि कानूनी असरबारे जानकार रहेको देखिन्छ। साथै, 'Schedule 8' को 'Definitions and Interpretation' खण्डमा "Company" भन्नाले 'रेनोल्ड्स होल्डिङ्स' र "Group Company" भन्नाले एनसेलसमेतलाई

जनाउने परिभाषा गरिएको छ। विवादको सम्झौतामा उल्लेख भएका उपर्युक्त कुराहरू समेतबाट Ncell Axiata Limited Reynolds Holdings Limited को सहायक (Subsidiary) कम्पनीको रूपमा रहेको र विवादको १ डिसेम्बर २०२३ मा भएको सम्झौता Reynolds Holdings Limited को नाममा रहेको Ncell Axiata Limited को ८०% शेयर बिक्रिको लागि भएको तथ्य स्थापित देखिन्छ।

३५. यसै सन्दर्भमा यस अदालतको वृहत पूर्ण इजलासबाट रेनोल्ड्स होल्डिङ लिमिटेड निवेदक विरूद्ध ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत भएको मुद्दा नं. ०७४-**WF**-००१४ मा **"निवेदक कम्पनीमार्फत एनसेलमा निहित स्वामित्वको निसर्ग हुँदा करको दायित्वबाट ऐनसेल वा यसको वास्तविक क्रेता कम्पनीसमेत दायित्व मुक्त हुने हुँदैन"** भनी यस अघि नै करको दायित्वका सम्बन्धमा आदेशसमेत भैसकेको अवस्था छ। यसैगरी ***द्वारिका नाथ ढुंगेल विरुद्द संयुक्त अधिराज्यमा रजिष्टर्ड कार्यालय रहेको एक्जियाटा ईन्भेष्टमेन्ट लिमिटेडसमेत*** भएको ०७४-**WO**- ०४७५ को परमादेशमा समेत ठूला करदाता कार्यालयले मिति २०७४।३।१३ मा कर निर्धारण गरेकोमा सो कर टेलिया सोनेरा स्वीडेनलाई नलागी करको दायित्व एनसेललाई नै लाग्ने हुँदा करको दायित्व निर्वाह नगरेसम्म कसैलाई पनि लाभांश वितरण र शेयर बिक्रीको अनुमति नदिनु भनी एक्जियाटा ईन्भेष्टमेन्ट लिमिटेड, एनसेल प्राईभेट लिमिटेडसमेतका विपक्षीहरुका नाममा परमादेश जारी हुने गरी मिति २०७५।१०।२३ मा निर्णय भएको देखिन्छ। उल्लेखित फैसलाहरु तथा नेपाल कानूनसमेतको परिप्रेक्ष्यमा एनसेल आजियाटा प्राईभेट लिमिटेड नेपालमा दर्ता भई नेपालको कानूनलाई स्वीकार र सम्मान गर्ने शर्तमा सञ्चालित संस्था हो। एनसेल आजियाटा प्राईभेट लिमिटेडमा आजियाटा ईन्भेष्टमेन्ट यु.के. लि. को शेयर रहेको र सो शेयर अर्को स्पेक्ट्रलाइट (यु.के.) लिमिटेडलाई शेयर बिक्री गरेकोमा सो शेयर खरीद बिक्री गर्दा पूँजीगत लाभ कर (Capital Gain Tax) लाग्न नसक्ने भन्ने नदेखिंदा आजियाटा इन्भेष्टमेन्ट (यु.के.) र स्पेक्ट्रलाइट (यु.के.) लिमिटेडबीच शेयर खरीद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) को सम्झौता भई खरीद बिक्री भएको

शेयरमा कानून बमोजिमको पूँजीगत लाभ कर (Capital Gain Tax) को दायित्वबाट उन्मुक्ति पाउने भन्ने देखिन आएन। नेपाल कानूनको परिपालना गरी सेवा प्रदान गर्ने एनसेल आजियाटा लिमिटेड र कानूनबमोजिम प्रभावकारी नियमन गर्नु गराउनु पर्ने कानूनी दायित्व रहेका नेपाल दूरसञ्चार प्राधिकरण समेतलाई निर्देश गर्नुपर्ने देखिन आयो।

३६. **त्यसैगरी दावीको शेयर खरीद बिक्री सम्बन्धमा छानविन गरी प्रतिवेदन दिन नेपाल सरकारद्वारा टंकमणि शर्माको संयोजकत्वमा मिति २०८०।८।२१ मा गठित समितिलाई स्वतन्त्र र पारदर्शी तरिकाले छानविन गर्न भनी मार्गदर्शन जारी गर्न मिल्ने हो वा होइन? भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०८।२१ को निर्णयबमोजिम गठित पूर्व महालेखापरीक्षक टंकमणि शर्माको संयोजकत्वको छानविन समितिले मिति २०८०।१०।१५ मा नै छानविन प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष बुझाई सकेको देखिन्छ। तत्पश्चात नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।११।६ को निर्णयबाट उक्त प्रतिवेदनको सुझाव खण्डको बुँदा नं. ८ मा **"एनसेल आजियाटा लि. को आ.व. २०७६।०७७ देखि हालसम्मको कर परीक्षण गर्न बाँकी देखिएकाले ती वर्षहरूको कर परीक्षण गरी कर दायित्व निर्धारण गरी असुल गर्ने। यस्ता बहुराष्ट्रिय कम्पनी र पटक-पटक कर छली गर्ने सम्भावना रहेको कम्पनीहरूको आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूले समयमै कर परीक्षण गर्ने व्यवस्था मिलाउने"** भनी उल्लेख भएको सुझाव कार्यान्वयन गर्ने निर्णय भई सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमार्फत कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा पत्राचार भैसकेको देखियो। यसरी समितिले दिएका सुझावहरुसमेत कार्यान्वयनको लागि गइसकेको अवस्था देखिएकोछ। यसर्थ, नेपाल सरकारद्वारा टंकमणि शर्माको संयोजकत्वमा मिति २०८०।०८।२१ मा गठित समितिलाई स्वतन्त्र र पारदर्शी तरिकाले छानबिन गर्न मार्गदर्शन जारी गरी पाऊँ भनी लिएको निवेदन जिकिरका सम्बन्धमा हेर्दा उक्त समितिले आफ्नो कार्यादेशबमोजिमको कार्य सम्पन्न गरी प्रतिवेदन बुझाइसकेको र सरकारले सो प्रतिवेदन कार्यान्वयनको प्रक्रियासमेत अगाडि बढाइसकेको परिवेशमा निवेदकको उक्त

मागको कानूनी प्रयोजन (Legal Purpose) समाप्त भइसकेको देखिन्छ। अतः कार्य सम्पन्न भइसकेको र प्रतिवेदन प्राप्त भइसकेको विषयमा पुनः मार्गदर्शन जारी गरिपाऊँ भन्ने निवेदन जिकिर अब औचित्यहीन (Infructuous) देखिन आएकाले सो सम्बन्धमा थप बोलिरहनु परेन।

३७. **अब अन्तिम प्रश्न, निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होईन भन्ने सम्बन्धमा विचार गर्दा,** आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट (यु.के) लिमिटेडबीच एनसेलको ८०% शेयर खरीद बिक्री सम्बन्धमा मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा भएको सम्झौतालाई मान्यता प्रदान नगर्न विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी गरी उक्त मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) को सम्झौता अनुसारको शेयर कारोवारको वैधानिकता उत्प्रेषणको आदेश बदर गरिपाऊँ भनी निवेदन जिकिर रहेको देखिन्छ।

३८. मिसिल संलग्न प्रमाणहरू र १ डिसेम्बर २०२३ को शेयर खरिद-बिक्री सम्झौता (**Sale and Purchase Agreement**) को प्रमाणित प्रतिलिपिबाट **Axiata Investments (UK) Limited and Spectrlite UK Limited** बीच शेयर खरिद विक्रीको कारोबार भएको तथ्यमा विवाद देखिँदैन। तर नेपाल दूर सञ्चार प्राधिकरण (अनुमतिपत्र व्यवस्थापन शाखा) को मिति २०८०।१२।१८ च.नं. २.१/२९८१ को पत्रबाट एनसेल आजियाटा लिमिटेड लैनचौर काठमाडौंलाई लेखेको पत्रलाई दृष्टिगत गर्दा, "मिति २०८०।११।३० मा कम्पनीको शेयर खरीद बिक्री स्वीकृतिको लागि भनी त्यस कम्पनीबाट प्राप्त निवेदन दूरसञ्चार ऐन, २०५३ को दफा १५, २३, २७, दूरसञ्चार नियमावली, २०५४ को नियम १४, १५(१)(ट), नेपाल दूर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम २(ज), ४, ११ तथा ऐ. को अनुसूची १ र तहाँको दूर सञ्चार सेवा सञ्चालनको लागि प्राप्त अनुमतिपत्रको शर्त नं.१४(A)(६) को विपरीत भएको पाइएकोले उक्त शेयर खरीद बिक्री सम्झौता यथास्थितिमा स्वीकृत दिन

मिल्ने देखिएन" भनी उक्त सम्झौतालाई कानूनी मान्यता नदिने निर्णय गरिसकेको देखिन्छ।

३९. नेपाल दूरसञ्चार प्राधिकरण, दूरसञ्चार क्षेत्रको नियमन र व्यवस्थापनका लागि राज्यद्वारा विशेष ऐन दूरसञ्चार ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वायत्त र विशिष्टीकृत नियामक निकाय हो। राज्यद्वारा स्थापित यस्ता विशिष्ट दक्षता **(Expertise)** तथा प्राविधिक क्षमतायुक्त नियामक निकायहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर गरेको निर्णयका सम्बन्धमा यस अदालतले न्यायिक पुनरावलोकनको असाधारण अधिकार क्षेत्र प्रयोग गर्दा न्यायिक आत्मसंयम **(Judicial Self-Restraint)** अपनाउनु आवश्यक हुन्छ। प्रशासनिक कानून **(Administrative Law)** को स्थापित सिद्धान्त अनुसार, कुनै पनि प्राविधिक वा व्यावसायिक विषयमा नियामक निकायले आफ्नो विशेषज्ञताको आधारमा गरेको निर्णयमा स्पष्ट कानूनी त्रुटि वा बदनियत नदेखिएसम्म अदालतले हस्तक्षेप गर्नु उचित देखिँदैन। प्रस्तुत विवादमा, प्राधिकरणले आफ्नो कानूनी अधिकार र विशेषज्ञताको अधीनमा रही मिति २०८०।०८।१५ को सम्झौतालाई "यथास्थितिमा स्वीकार गर्न नमिल्ने" भनी निर्णय गरिसकेको र उक्त निर्णयलाई प्रस्तुत रिट निवेदनमा चुनौति दिएको समेत पाइँदैन। यसरी प्रत्यर्थी नेपाल दूरसंचार प्राधिकरणले आफ्नो कानूनी कर्तव्यको परिपालना गरिसकेको स्थितिमा परमादेश जारी गर्नुपर्ने वा नियमनकारी निकायबाट स्वीकृति नै नदिएको शेयर खरिद बिक्री सम्झौतालाई उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने आवश्यकता र औचित्यता देखिएन।

४०. अतः विपक्षीहरू बीच भएको १ डिसेम्बर २०२३ को शेयर खरिद-बिक्री सम्झौताले नेपालको नियामक निकायबाट अनुमोदन **(Regulatory Approval)** प्राप्त गरिसकेको अवस्था देखिँदैन। कुनै सम्झौताले कानूनी प्रक्रिया पुरा गरी नियामकको अनुमति प्राप्त नगरेसम्म त्यस्तो शेयर कारोबार गर्ने सम्झौताले वैधानिकता प्राप्त गर्न सक्दैन। प्रस्तुत विषयमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले समेत छानबिन गरी मिति २०८०।०८।१८ मा नियमनकारी निकायहरूलाई नौ बुँदे निर्देशनसमेत दिइसकेको देखिन्छ। यसरी राज्यका सम्बन्धित निकायहरू आ-आफ्नो क्षेत्राधिकारभित्र क्रियाशील

रहेको र विवादित सम्झौतालाई नियामकले मान्यतासमेत नदिइसकेको परिप्रेक्ष्यमा कानूनी पूर्णता नै नपाएको सम्झौतालाई बदर गरिपाऊँ वा सोलाई मान्यता नदिनु भनी परमादेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिरको औचित्य देखिँदैन। त्यसैले आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट (यु.के) लिमिटेडबीच एनसेलको ८०% शेयर खरीद बिक्री सम्बन्धमा मिति २०८०।८।१५ (तदनुसार डिसेम्वर १ सन् २०२३) मा भएको सम्झौतालाई मान्यता प्रदान नगर्न विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी गरी उक्त मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) को सम्झौता अनुसारको शेयर कारोवारको वैधानिकता उत्प्रेषणको आदेशले बदर हुनुपर्ने भन्ने निवेदन जिकिर मनासिव मान्न सकिएन। त्यसैले शेयर खरीद बिक्री कारोवारको वैधानिकता र यसको मान्यता सम्बन्धमा प्रस्तुत रीट निवेदनको रोहबाट प्रवेश गरी विपक्षीहरूका नाममा निवेदन मागबमोजिमको उत्प्रेषण परमादेश लगायतका आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान देखिंन आएन। प्रस्तुत रीट निवेदन खारेज हुने ठहर्छ।

४१. तसर्थ माथि विवेचित आधार कारण तथा कानूनी प्रावधान, प्रतिपादित नजिर सिद्धान्तसमेत बाट प्रस्तुत रीट निवेदन खारेज हुने ठहर भएतापनि विदेशी लगानी रहेको दूरसञ्चार सेवा प्रदायक कम्पनी विपक्षी एनसेल आजियाटा लिमिटेडको शेयर संरचनामा पटक-पटक परिवर्तन भई शेयरको स्वदेश तथा विदेशमा खरीद बिक्री हुँदा अनुमतिप्राप्त व्यक्तिले पालना गर्नुपर्ने कानूनबमोजिमको शर्त एवम् प्रक्रिया र नियमनकारी निकायको नियमनको सम्बन्धमा केही गम्भीर समस्या र प्रवृत्तिहरू देखा परेको देखिन्छ। आगामी दिनमा विदेशी लगानी भएका कम्पनीहरूको सञ्चालन र नियमनमा स्पष्टता तथा प्रभावकारीता अभिवृद्धिको लागि सम्बन्धित पक्षलाई केही निर्देशनहरूसमेत जारी गर्न इजलासले आवश्यक देखेकाले नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छः-

क. दुर सञ्चार नियमावली, २०५४ को नियम १४ र १५(१)(ट) तथा दूरसञ्चार ऐन, २०५३ को दफा १५ र ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दुर

सञ्चार प्राधिकरणले जारी गरेको नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम २(ज) मा "शेयरधनी" भन्नाले **"शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनुपर्छ सो शब्दले नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनीको शेयर धारण गर्ने कम्पनी (Offshore company) समेतलाई जनाउनेछ"** भन्ने व्यवस्था रहेको छ। सोही विनियमावलीको विनियम ४ मा "शेयर नामसारी वा खरीद बिक्री गर्न सक्नेः **"अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानूनको अधीनमा रही शेयर धारण गर्ने व्यक्तिले आफ्नो स्वामित्वमा रहेको शेयर देहायबमोजिम रीत पुऱ्याई नामसारी वा बिक्री गर्न सक्नेछ"** भन्ने व्यवस्था गरी विभिन्न शर्तहरूको व्यवस्था रहेको देखियो। साथै, नियम ११ मा निवेदन दस्तुरको व्यवस्था गरी **"शेयर खरीद वा बिक्री स्वीकृतिको लागि निवेदन दस्तुर वापत रू.१००।— बुझाउनु पर्नेछ"** भन्ने कानूनी व्यवस्थसमेत रहेको देखिन आयो। उक्त कानूनी व्यवस्थाबाट अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरवालाले शेयर खरीद बिक्री गर्दासमेत प्राधिकरणको पूर्व स्वीकृति लिनुपर्ने स्पष्ट देखिन आउँछ। प्रस्तुत विवादसँग जोडिएको डिसेम्वर १, २०२३ मा भएको सम्झौता, दुर सञ्चार नियमावली, २०५४ को नियम १५ को संशोधन भएपछी सम्झौता भएको देखियो। साथै शेयर खरीद बिक्री कारोबारको बारेमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १९ को अभिलेख राख्ने व्यवस्थासँग आफूलाई अनुमति दिने, नियमन गर्ने विशेष कानूनको रूपमा रहेको दुर सञ्चार नियमावली, २०५४ को नियम १५(१)(ट) को व्यवस्थालाई नजरअन्दाज गर्न मिल्ने देखिएन।प्रस्तुत संशोधित ऐ. नियम १५(१)(ट) तथा नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ को विनियम (१), (३) र विनियम ४ को खण्ड (क) लाई चुनौति दिएको अवस्था पनि रहेको छैन। अनुमतिपत्र प्राप्त व्यक्ति विपक्षी एनसेल आजियाटा लिमिटेडको ८०% शेयर धारण गर्ने शेयरवाला आजियाटा इन्भेष्टमेन् (यु.के.) लिमिटेडले आफ्नो शेयर स्पेक्ट्रलाइट

यु.के. लिमिटेडलाई मिति २०८०।८।१५ (तदनुसार १ डिसेम्वर २०२३) मा बिक्री गरेको तथ्यमा विवाद देखिदैन। उक्त शेयर कारोवार हुनु अगावै नेपाल दुर सञ्चार प्राधिकरणबाट पूर्व स्वीकृति लिनुपर्नेमा नलिएको, विपक्षीबाट पेस भएको लिखित जवाफमा शेयरधनीको शेयर खरीद बिक्री हुँदा प्राधिकरणबाट स्वीकृति लिनुपर्ने व्यवस्था नै छैन भन्ने जिकिर लिएको र मिति २०८०।८।१५(तदनुसार डिसेम्वर १ सन् २०२३) मा भएको शेयर खरीद बिक्री सम्झौताको सम्बन्धमा मिति २०८०।११।१२ मा मात्र स्वीकृतिको लागि प्राधिकरणमा निवेदन पेस गरेको स्थिति देखिएकाले विपक्षी एनसेल आजियाटा लिमिटेडले दुर सञ्चार ऐन, २०५३, दुर सञ्चार नियमावली, २०५४ र नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरीद बिक्री) विनियमावली, २०७६ र अनुमतिपत्रको शर्तसमेत अक्षरशः परिपालना गर्दै पारदर्शी र विधिसम्मत तरिकाले सेवा संचालन गर्नू भनी विपक्षी एनसेल आजियाटा लिमिटेडको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

ख. दुर सञ्चार सेवा र अनुमतिपत्र प्राप्त व्यक्तिको नियमनको लागि ऐनद्वारा स्थापना भएको विपक्षी नेपाल दुर सञ्चार प्राधिकरणलाई दुर सञ्चार ऐन, २०५३ को दफा १३ ले सुम्पेको नियमनकारी काम, कर्तव्य र अधिकारको अतिरिक्त दफा १५ ले आवश्यक आदेश वा निर्देशन दिन सक्ने, दफा २८ मा अनुमतिपत्र खारेज गर्न सक्ने र दफा ४७ मा अनुमतिपत्रमा उल्लिखित शर्तहरूको पालना नगर्ने व्यक्तिलाई जरिवाना गर्नेसम्मको अधिकारसमेत रहेको परिवेशमा डिसेम्वर १, सन २०२३ मा आजियाटा इन्भेष्टमेन्ट (यु.के.) र स्पेक्ट्रलाइट (यु.के.) लिमिटेडबीच भएको शेयर खरीद बिक्री सम्झौता गर्नु अघि पूर्व स्वीकृतिको लागि पेस नगरेको, प्राधिकरणले पटक-पटक पत्राचारसम्म गरेको र यस अदालतमा प्रस्तुत रीट निवेदन विचाराधीन रहेको अवस्थामा मिति २०८०।११।३० मा मात्र विपक्षी एनसेल आजियाटा लिमिटेडले स्वीकृतिको लागि प्राधिकरणमा पेस गरेकोमा यथास्थितिमा स्वीकृति दिन नसकिने भनी निर्णयसम्म गरेको देखियो।एनसेल प्राइभेट लिमिटेड विरूद्ध ठूला

करदाता कार्यालयसमेत भएको रीट नं. (०७४-WO-०४७४) र (रीट नं. ०७४-WF-००१५) को निवेदनमा यस अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७५।१०।२३ मा आदेश हुँदा विपक्षी एनसेल आजियाटा लिमिटेडले पूर्ण खुलासाको सिद्धान्त (Doctrine of Full Disclosure) विपरीत कार्य गरेको र बुझाउनुपर्ने कागजातहरू नबुझाएको समेत ठहर भईसकेको अवस्थामा नेपालमा दुर सञ्चार सेवा प्रदायक कम्पनीको रूपमा अनुमतिपत्र प्राप्त विपक्षी कम्पनी लगायतका सबै व्यक्तिहरूको कानूनबमोजिम प्रभावकारी नियमन गर्नू, गराउनू भनी विपक्षी दूरसञ्चार प्राधिकरणको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

४२. निर्देशनात्मक आदेशानुसार गर्नु गराउनु भनी प्रस्तुत आदेशको प्रतिपिलिसाथै राखी आदेशको जानकारी सबै विपक्षीहरुलाई दिनु। आदेशको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(सपना प्रधान मल्ल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

<u>आदेश तयार गर्न सहयोग गर्नेः</u>

इजलास अधिकृतः (उप-सचिव) भरत कुमार दहाल
शाखा अधिकृतः मतिना शाक्य
अनुसन्धानमा सहयोग गर्नेः (इन्टर्न) विशेष जोशी
कम्प्युटर अपरेटरः- चन्द्राबती तिमल्सेना
इति सम्वत २०८१ साल पौष ११ गते रोज ५ शुभम्...................................।